बैठक संख्या : २३

आज मिति : २०७५ साल जेष्ठ २८ गते सोमबार यस मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष श्री देवी प्रसाद आचार्यज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितीमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिती :

अध्यक्ष श्री देवीप्रसाद आचार्य

उपाध्यक्ष श्री सरला राई

वडा अध्यक्ष (वडा नं. १) श्री नरबहादुर राई

वडा अध्यक्ष (वडा नं. २) श्री गौरीप्रसाद राई

वडा अध्यक्ष (वडा नं. ३) श्री खगेन्द्र माबेन लिम्बु

वडा अध्यक्ष (वडा नं. ४) श्री बुद्धिमान लिम्बु

वडा अध्यक्ष (वडा नं. ५) श्री रुद्र लिङदेन

वडा अध्यक्ष (वडा नं. ६) श्री बुद्धिलाल निरौला

वडा अध्यक्ष (वडा नं. ७) श्री सुशिलराज चौहान

वडा अध्यक्ष (वडा नं. ८) श्री नगिन्द्र कार्की

वडा अध्यक्ष (वडा नं. ९) श्री सोमनाथ अधिकारी

कार्यपालिका सदस्य श्री जुना खड्का

कार्यपालिका सदस्य श्री सारदा मगर

कार्यपालिका सदस्य श्री पवित्रा बराईली

कार्यपालिका सदस्य श्री मीनाकुमारी विश्वकर्मा

कार्यपालिका सदस्य श्री गोपाल विश्वकर्मा

कार्यपालिका सदस्य श्री बालिका विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत श्री युवराज आचार्य

शाखा अधिकृत श्री काशिनाथ खनाल

लेखापाल श्री राजेश खतिवडा

रे.शा. अधिकृत : चिन्तामणी पौड्याल

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु :**

**निर्णय नं. १ :** आगामी आ.व. ०७५/०७६ मा गाउँपालिकाले लिने नीति तथा कार्यकम यस बैठकमा उपाध्यक्षज्यूबाट बाचन भयो । उक्त नीति तथा कार्यकममा प्राप्त सुझावहरु समावेश गरी गाउँसभामा पेश गर्ने गरी पारित गरियो । साथै उक्त नीति तथा कार्यकमलाई आधार मानी वडा स्तरीय योजना तथा गाउँपालिका स्तरीय योजना तथा कार्यकम छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आ.व. ०७५/०७६ का लागि यस गाउँपालिकाको संचित कोषमा जम्मा हुन सक्ने बजेट अनुमान यस बैठकद्धारा अनुमोदन गर्ने र समितिले निर्धारण गरेको वडागत बजेट सिलिङमा निम्नानुसार प्रत्येक वडमा बढोत्तरी गर्ने, विषयगत शाखा र कार्यपालिका कार्यालयको लागि निर्धारण गरिएको बजेट सीमा पेश गरे बमोजिम पारित गर्ने निर्णय गरियो ।

| वडा नं. | वित्तिय समानिकरण अनुदान बाट | राजस्व बाँडफाँडबाट | प्राकृतिक श्रोत साधन बापत प्राप्त रकमबाट | जम्मा |
|---|---|---|---|---|
| १ | २२,५०,०००।- | १८,००,०००।- | ४,५०,०००।- | ४५,००,०००।- |
| २ | २२,५०,०००।- | १८,००,०००।- | ४,५०,०००।- | ४५,००,०००।- |
| ३ | २०,५०,०००।- | १६,००,०००।- | ३,५०,०००।- | ४०,००,०००।- |
| ४ | २२,५०,०००।- | १८,००,०००।- | ४,५०,०००।- | ४५,००,०००।- |
| ५ | २०,५०,०००।- | १६,००,०००।- | ३,५०,०००।- | ४०,००,०००।- |
| ६ | २२,५०,०००।- | १८,००,०००।- | ४,५०,०००।- | ४५,००,०००।- |
| ७ | २०,५०,०००।- | १६,००,०००।- | ३,५०,०००।- | ४०,००,०००।- |
| ८ | २०,५०,०००।- | १६,००,०००।- | ३,५०,०००।- | ४०,००,०००।- |
| ९ | २०,५०,०००।- | १६,००,०००।- | ३,५०,०००।- | ४०,००,०००।- |
| जम्मा | १,९२,५०,०००।- | १,५२,००,०००।- | ३५,५०,०००।- | ३,८०,००,०००।- |

**निर्णय नं. ३ :** यस गाउँपालिकाले गत आ.व. हरुमा व्यवस्था गरि आएको हाटबजार ठेक्का, पशु बजार ठेक्का, निकासी ठेक्का, पटके सवारी कर ठेक्का लगाएतका ठेक्काहरु राजस्व परामर्श समितिले सिफारिस गरेको सुझावको आधारमा न्यूनतम मूल्य कायम गरी ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** यस गाउँपालिकाको वडा नं. ९ को सिमानामा साविकमा मधुमल्ला गाविसले संरक्षण गरेको वन हाल फडानी भएको देखिएकोले उक्त वन कटानी बारेमा आवश्यक अनुसन्धान गर्न सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने साथै उर्लाबारी नगरपालिका र मिक्लाजुङ गाउँपालिका बीच सिमानाको सम्बन्धमा द्विविधा भएकोले स्पष्ट सीमा निर्धारण गरी दिनको लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** यस कार्यालयमा विभिन्न मितिमा योजना तथा कार्यकम माग गरी दर्ता गराएका निवेदन उपर छलफल हुँदा निम्न योजना तथा कार्यकमको लागि निम्नानुसार शिर्षकबाट तल उल्लेख भए बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

- त्रिवेणी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, वडा नं. ३ (साँझेदारी) रु. १,००,०००।-

- कुईनेटारको झोलुङ्गे पुल पारी कुलोमा स्ल्याब निर्माणको लागि लागत अनुमान अनुसार मर्मत सम्भार कोषबाट खर्च हुने गरी रकम उपलब्ध गराउने ।
- महिला व्यवसायिक कृषि समूह, वडा नं. १ कलेक्सन सेन्टर निर्माण (साझेदारी) रु. ३,००,०००।-
- सिसौली कुलो मर्मत वडा नं. ७, (कृषि तर्फको कार्यक्रमबाट) रु. ६५,०००।-

निर्णय नं. ६ : बैठक कक्षमा AC र सी.सी. क्यामरा जडान गर्ने साथै न्यायिक समितिको इजलास निर्माण गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

आजको बैठक यहिं अन्त्य गरियो ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत